# दोस्रो नदी शिखर सम्मेलन

## घोषणा पत्र, २०७३

प्रस्तावना

नेपालको संविधानले जलस्रोत लगायतका प्राकृतिक स्रोतहरुको व्यवस्थापनमा गरेका विशिष्ट प्रावधानहरुको पृष्ठभूमि र पहिलो शिखर सम्मेलन, २०१४ को १५ बुँदे घोषणापत्रलाई स्मरण गर्दै जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता २०१५, जैविकविविधता महासन्धि, सेन्डाइ फ्रेमवर्क, दिगो विकासका लक्ष्य २०३० लगायत नेपाल पक्ष राष्ट्र भएका सन्धि तथा महासन्धिको कार्यान्वयन, नेपालसंघीय संरचनामा जाने परिप्रेक्ष्यमा हालै स्थानीय तहको गठन भएको र तिनलाई जलस्रोत संरक्षण र व्यवस्थापनका लागि संविधानले नै जिम्मेवार बनाएको अवस्थालाई समेत ध्यान दिँदै यो सम्मेलन नदी तथा सिमसार संरक्षण गर्नुपर्ने आवश्यकता बोध गर्दछ र दोस्रो नदी शिखर सम्मेलनले यो त्रिशुली साझा अवधारणा जारी गर्दछः

१. नेपालका सम्पूर्ण नदीहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि राष्ट्रिय नदी नीति र नीति बनाई कार्यान्वयन गर्न आह्वान गर्दछ ।

२. जलस्रोतको समग्र विकास र व्यवस्थापनको लागि अधिकार सम्पन्न राष्ट्रिय नदी आयोग गठनको लागि आह्वान गर्दछ ।

३. एकीकृत जलाधार व्यवस्थापन पद्धतिलाई स्वीकार गरी सोही अनुरुप जलाधार व्यवस्थापन नीति अपनाउनु अपरिहार्य देखिएकाले राज्यले त्यस्तो नीतितर्जुमा गरी कार्यन्वयनमा लैजान आह्वाान गर्दछ ।

४. सबै खाले नदीहरुको वैज्ञानिक अभिलेख तयार गरी नदीजन्य स्रोतको उपयोगिताको आधार, प्रकार र प्राथमिकता निर्धारण गर्नका लागि अध्ययनअनुसन्धान तत्काल अगाडि बढाउन आह्वान गर्दछ ।

५.संघीय संरचना अन्तर्गत प्रादेशिक तथा स्थानीय तहमा तर्जुमा हुने नीति, नियम कानुन तथा योजनामा जलस्रोत दिगो संरक्षण र व्यवस्थापनको संवैधानिक जिम्मेवारी पालन व्यवस्थागर्न आह्वान गर्दछ ।

६. नदीहरुको प्राकृतिक रुपमा स्वतन्त्र र निरन्तर बग्न पाउने अधिकार र भावी सन्ततिको अधिकार समेतलाई सुनिश्चित गर्न वातावरण, जैविकविविधता, पर्यटन एवम् सांस्कृतिक दृष्टिकोणले अधिक महत्व राख्ने नदीहरुलाई स्वतन्त्र र निरन्तर बग्न दिने व्यवस्थामिलाउन हरेक नदी बेसिनमा कम्तीमा एउटा नदीलाई निर्वाध बग्ने नदी घोषणा गर्न आह्वान गर्दछ ।

७. राज्यकानीतिले जलविद्युत लगायतका विकासका लाभ बाँडफाँडमा नदीसँग अन्योन्याश्रित सम्बन्ध भएका माझी, बोटे, राजी, मुसहर, दनुवार, सुदाना, राउटे जस्ता समुदायलाई निश्चित प्रतिशत फाइदा पाउने व्यवस्था संस्थागत गर्नु माग गर्दछ ।

८. बढ्दो नदी प्रदुषण समग्र नेपाली समाजका लागि गम्भीर चुनौती बनिरहेको सन्दर्भमा बागमती सफाइ एवं महोत्सव जस्ता सफलता पूर्वक संचालन भइरहेका अभियानलाई देशका अन्य नदी क्षेत्रमा लैजानुपर्ने आवश्यकतालाई मनन गर्दछ र सहकार्यका लागि सबै सरोकारवाला सँग आह्वान गर्दछ ।

९. सडक, खानेपानी, सिँचाइ, जलविद्युत लगायतका विकास निर्माण कार्य गर्दा नदी प्रणाली लगायत समग्र पारिस्थितिकीय प्रणालीलाई न्युनतम प्रतिकुल प्रभाव पर्ने गरी र दिगो विकासका सिद्धान्तका आधारमा गर्न नेपाल सरकार तथा सबैमा आह्वान गर्दछ ।

१०. नदी जन्य स्रोतहरुको अत्यधिक र जथाभावी दोहन भइरहेको वर्तमान अभ्यासको विरोध गर्दै त्यस्ता काम तत्काल रोक्न माग गर्दछ ।

११. पर्यापर्यटन लगायत विविध महत्व राख्ने त्रिशुली नदीको प्राकृतिक मर्यादा कायम राख्नका लागि तत्काल संरक्षणका उपाय अवलम्बन गर्न सरकार तथा सबै पक्षलाई आह्वान गर्दछ ।

१२. नदी संरक्षणमा कार्यरत निकाय, संघसंस्था एवम अभियन्ताहरुको साझा सञ्जालको विकास गरी संरक्षण कार्यमा सहकारिता अभिवृद्धि गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

१३. प्रत्येक दुई वर्षको मार्च महिनामा राष्ट्रिय नदीशिखर सम्मेलनको आयोजना गर्ने प्रतिबद्धता जाहेर गर्दै सन् २०१९ को मार्च महिनामा अर्को नदी सम्मेलन कर्णाली नदीको किनारमा तयारी गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

इति सम्वत २०७३ चैत्र ६ गते आइतवार